# ललितपुर महानगरपालिका

## यल महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

**वर्ष ८, ललितपुर, आषाढ २५, २०८१ साल, अतिरिक्ताङ्क ३, प्रथम संशोधन**

## भाग - १

# ललितपुर महानगरपालिका

## सहकारी ऐन, २०७५

**प्रस्तावनाः**

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको अीर्थक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त

र सुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन गर्न, सहकारी व्यवसाय लागायत सबै प्रकारका उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवं दीगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संस्थाहरुको दर्ता सञ्चालन एवं नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, ललितपुर महानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, प्रारम्भ**

(१) यस ऐनको नाम 'ललितपुर महानगरपालिकाको सहकारी ऐन, २०७५' रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकरी संस्थाले दफा १९ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) "प्रमुख" भन्नाले ललितपुर महानगरपालिकाका उप प्रमुखलाई सम्झनुपर्छ ।

(ग) "उप प्रमुख" भन्नाले ललितपुर महानगरपालिकाका उप प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "कसूर" भन्नाले दफा ८० बमोजिमको कसूर सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(झ) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ ।

(ञ) "रजिष्ट्रार भन्नाले संघको रजिष्ट्रार सम्झनु पर्छ ।

(ट) "लेखा सुपरीवेक्षक समिति" भन्नाले दफा ३९ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।

(ठ) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १८ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ड) "विभाग" भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ ।

(ढ) "संघ" भन्नाले सहकारी महासंघ, केन्द्रिय विषयगत संघ, प्रादेशिक संघ, विषयगत प्रादेशिक संघ, विशिस्टीकृत संघ, जिल्ला सहकारी संघ तथा विषयगत नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ ।

(ण) "सहकारी बैंक" भन्नाले सहकारी संघ संस्थाहरुको सहकारी बैंक लाई सम्झनु पर्छ ।

(त) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूँजीको अंश सम्झनुपर्छ ।

(थ) "सञ्चालक" भन्नाले समितिको सञ्चालक समितिलाई सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(द) "सदस्य" भन्नाले सहकारी संस्थाका सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।

(ध) "समिति" भन्नाले दफा ३१ को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(न) "सहकारी मूल्य" भन्नाले स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(प) “संस्थाको व्यवसाय” भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनु पर्छ ।

(फ) “सहकारी सिद्धान्त” भन्नाले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(ब) “संस्था” भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्छ ।

(भ) “साधारण सभा” भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(म) “कार्यपालिका भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।*

(य) सहकारी प्रबर्द्धन तथा व्यवस्थापन समिति भन्नाले ऐनको दफा ९४ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।*

* प्रथम संसोधनले थप गरेको

## परिच्छेद-२

## सहकारी संस्थाको गठन तथा दर्ता

**३. संस्थाको गठनः**

१) स्थानीय तहमा कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकरी संस्था गठन गर्न सक्नेछन् ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन् ।

३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेको कम्तीमा एकसय जना कर्मचारी, शिक्षँक वा प्रँध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पलना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एकसय जनाभन्दा कम संख्या रहेका एउटै कार्यालयका कम्तीमा तीसजना कर्मचारी, शिक्षक वा प्रँध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचलानमा तोकिए बमोजिमका

शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ ।

(६) महानगरपालिकाभित्रका सहकारीहरुको प्रतिनिधित्व हुने गरी एक सहकारी संजाल गठन गर्न सकिनेछ । सो संजालको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**४. दर्ता नगरी सहकारी संस्था संचालन गर्न नहुने:**

कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चलन गर्न हुँदैन । अन्यत्र स्थानीय तहमा दर्ता भइ यस नगरक्षेत्र भित्र सञ्चालन हुने संस्थाको शाखा वा सम्पर्क कार्यालय खोल्दा ललितपुर महानगरपालिकाबाट अनिवार्य स्वीकृती लिनुपर्नेछ र सो को अभिलेख महानगरपालिकाले राख्नुपर्नेछ ।

**५. दर्ताको लागि दरखास्त दिनुपर्ने:**

१) यस ऐन बमोजिम गठन भएका सहकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची (१) को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्थाको सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ।

(घ) वडा कार्यालयको सिफारिस ।

(ङ) रोजगारी तथा स्वरोजगारी सृजनाको आधार ।*

(च) आवेदकहरुको नागरिकता फोटोकपी ।*

(छ) महानगरपालिकाले तोकेको अन्य विवरण तथा कार्य योजना ।*

**६. दर्ता गर्नुपर्ने:**

(१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दादेहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची (२) को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

* प्रथम संसोधनले थप गरेको

* प्रथम संसोधनले थप गरेको

* प्रथम संसोधनले थप गरेको

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका ललितपुर महानगरपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ ।

(४) यस दफा बमोजिम सहकारी सस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

**७. विशिष्टिकृत सहकारी संघको गठनः**

(१) दफा ६ बमोजिम दर्ता भएका ललितपुर महानगरपालिकालाई कार्यक्षेत्र बनाएका कम्तीमा पच्चीस वटा संस्थाहरु ऋापसमा मिली जलविद्युत

आयोजना, रासायनिक मल कारखाना, यातायात, भारी कृषि उपकरण, पूर्वाधार, विकासका यन्त्र उपकरण, पर्यटन, हामस्टे, सञ्चार, फलफूल प्रशोधन, चिनी उद्योग, शीतभण्डार, अस्तपताल, शिक्षालय, प्रयोगशाला, ठुला ठुला कृषि तथा पशुपालन फर्म, सपिङ्ग कम्प्लेक्स आदी जस्ता ठूलो लगानी चाहिने उत्पादन वा व्यवसायक कार्य गर्न वा सदस्यकका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टिकृत सहकारी संघको गठन गर्न सक्नेछन् । यो पूर्णरुपमा व्यवसायिक संस्था हुनेछ । यसलाई अन्य माथिल्ला संघको हैसियतमा सहभागि हुने, चुन्ने, चुनिने अधिकार रहने छैन ।

**८. दर्ता गर्न अस्वीकार गर्न सक्नेः**

(१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा सोहिी दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उललेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरुलाई दिनु पर्नेछ ।

**९. सहकारी संस्था संगठित संस्था हुनः**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

(६) सहकारी संस्थाले दर्ता भएको ३ महिना भित्र जिल्ला सहकारी संघ वा विषयगत सहकारी संघ र राष्ट्रिय सहकारी बैंकको सदस्य अनिवार्य रुपले लिनु पर्दछ ।

**१०. सहकारी संस्थाको कार्यक्षेत्रः**

(१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा एक वटा वडा,

(ख) अन्य संस्थाको हकमा देहायका आधारहरु भएमा ललितपुर महानगरपालिका सम्म हुनेछः

(१) सदस्यहरुवीच स्वावलम्बनको पारस्परिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायकि सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरुमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरुमा सदस्य नभएको वा सेवा पुऱ्याउन नसकेका वडाहरुमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले ३ वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनः निर्धारण गर्नुपर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रुपमा जुनसुकै

समय कार्यक्षेत्र घटाउने गरी पुनः निर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(६) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जेसुकै कुरा लेखिएको भएता पनि उर्जा, शिक्षा, साहित्यिक, साँस्कृतिक, स्वास्थ्य, सञ्चार, सार्वजनिक यातायात, पर्यटन पुर्वाधार, विशेष कृषि वा बन्यजन्तु पैदावारको उत्पादन, सञ्चय तथा प्रशोधन गर्ने जस्ता व्यासायिक क्षेत्र एवं सदस्यहरुको सहभागिता विस्तारका कारण प्रारम्भ भै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्यक्षेत्र दर्ताका बखत नै तोकिएको आधारमा महानगरपालिकाभर कायम गर्न बाधा पर्ने छैन ।

(८) संस्थाको माग र प्रकृया बमोमिज संस्थाको कार्य क्षेत्र महानगर भन्दा बढी आवश्यक रहेको लागेमा प्रदेश तथा केन्द सरकारलाई थप कार्यक्षेत्र विस्तारका लागि सिफारिस गरी पठाउन सक्नेछ ।

**११. जानकारी दिनुपर्नेः**

(१) ललितपुर महानगरपालिकाभन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरुले यस महानगरपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्षेत्र भएका संस्थाहरु महानगरपालिकाको कार्यक्षेत्र भित्र मात्र सिमित भई सेवा संचालन गर्न चाहेमा तोकिए बमोजिमको

प्रक्रियाबाट कार्य क्षेत्र निर्धारण गर्न सकिनेछ । संस्थाको हाल कायम रहेको कार्यक्षेत्र (महानगरको वडा संख्या) नघट्ने गरी समायोजन गर्न सकिनेछ ।

**१२. विषयगत आधारमा वर्गीकरणः**

(१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) उत्पादनमूलक संस्थाः कृषि, दुग्ध, माछापालन, मासु, चिया, उर्जा, कफि, उखु, फलफूल, तरकारी, अलैंची, अदुवा, जडिबुटी, महजन्य, मसलाबाली, तेलहनबाली, दलहन बाली, पुष्पखेती लगायतका कृषि उत्पादन तथा औद्योगिक उत्पादनमुलक सहकारी संस्थाहरु ।*

(ख) वित्तिय संस्थाः वचत तथा ऋण सहकारी, बैकिङ्ग र लघुवित्त ।

(ग) सेवामुलक संस्थाहरुः उपभोक्ता भण्डा, शिक्षा, स्वास्थ्य, यातायात, संचार, थोक तथा खुद्रा व्यापार, पर्यटन, प्रकाशन, वृद्धाश्रम, तालिम तथा प्रशिक्षण, परामर्श सेवा, एम्बुलेन्स सेवा, होटेल तथा रेष्टुरेन्ट, सभास्थल, पार्टीप्यालेस, ट्राभल, पार्किङ्ग सेवा, व्यायामशाला, खानेपानी, फोहर मैला व्यवस्थापन, कवाडी सामान व्यवस्थापन तथा विक्री, खाद्य परिकार विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य सेवामूलक सहकारी संस्थाहरु ।*

* प्रथम संसोधनले थप गरेको

* प्रथम संसोधनले थप गरेको

(घ) श्रमिक सहकारी संस्थाः श्रम र सिपमा आधारित श्रमिकहरुको स्वामित्व स्थापित भएको सहकारी संस्था ।

(ङ) बहुउद्देश्यीय संस्थाः दुई वा दुईभन्दा बढी विषयको कारोबार गर्ने सहकारी संस्था ।

(२) उपदफा (२) को खण्डा (क), (ख), (ग) र (घ) मा उल्लेखित विष्यामा विशिष्टीकरण आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्नेछैन ।

**१३. काराबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेः**

(१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।

तर त्यस्तो कारोबार, व्यवसाय, एदोग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा

इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकरीलाई दिनुपर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारकिरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (५) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. दायित्व सीमित हुने :**

(१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयर अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ ।

**१५. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नुपर्नेः**

सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## संस्थाका उद्देश्य तथा कार्य

**१६. संस्थाको उद्देश्यः**

सदस्य र समुदायको हितका लागि आफ्ना सदस्यहरु तथा समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

**१७. संस्थाको कार्यः**

संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरुको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रबर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरु प्रादन गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रबर्द्धन तथा विकास सम्बन्धी क्रियाकलाहरु सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तर वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(झ) विनियममा उल्लिखित कार्यहरु गर्ने ।

## परिच्छेद -४

## विनियम तथा आन्तरिक कार्यविधि

### १८. विनियम बनाउने पर्नेः

(१) संस्थाले संघीय कानून, प्रदेश कानून, यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागु हुनेछ ।

(३) संस्थाको विनियम र कार्यविधिको अधिनमा रही नियमित कार्य संचालनका लागि साधारण सभाबाट अनुमोदन गर्ने गरी संचालन समितिले निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

### १९. आन्तरिक कार्यविधि बनाउन सक्ने :

(१) संस्थाले संघीय कानून, प्रदेश कानून, यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरिसके पछि लागु हुने छ । स्वीकृत कार्यार्धिहरु एक प्रति महाशाखामा पेश गर्नुपर्नेछ ।♣

♣ प्रथम संसोधनले परिमार्जन गरेको

**२०. विनियममा संशोधन :**

(१) संस्थाको सधारणसभाको गणपुरक संख्याको बहुमतबाट विनियम संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## परिच्छेद -५

## सदस्यता

**२१. संस्थाको सदस्यता :**

(१) १६ वर्ष पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिक संस्थाको सदस्य हुन सक्नेछन् :

(क) संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरिरहेको वा कार्य क्षेत्र भित्र कुनै व्यवसाय वा नोकरी गरिहरको भनी सम्बन्धित वडाबाट प्रमाणित गरिएको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मन्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(ङ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको,

(च) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको,

(छ) बाल बचत कर्ताको हकमा अभिभावक शेयर सदस्यको संरक्षकत्वमा बचत गर्न कुनै बाधा पर्ने छैन,

(ज) कालो सूची तथा दामासाहीमा नपरेको,*

(झ) फौजदारी अभियोगमा सजाय नपाएको ।♣

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका टोल विकास संस्था उपभोक्ता समूहहरु तथा उत्पादन, सेवामूलक संघ संस्थाहरु संस्थाको सदस्य हुन बाधा पर्नेछैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्ने छैन ।

**२२. सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्ने:**

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम निवेदन परेको मितिले पैंतिस दिन भित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा

---

* प्रथम संसोधनले परिमार्जन गरेको

♣ प्रथम संशोधनले थप गरेको

रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनुपर्नेछ ।*

(४) सदस्यता नदिने निर्णय भएकोमा जानकारी पाएको मितिले ३० दिन भित्र सम्बन्धित व्यक्तिले दर्ता अधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।♣

(५) उपदफा ४ बमोजिम छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्ने छ । ♣

(६) उपदफा ५ बमोजिम आदेश भएमा सो आदेश प्राप्त भएको ७ दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने छ । ♣

**२३. सदस्य हुन नपाउने :**

(१) कुनै व्यक्ति ललितपुर महानगरपालिकाको एकै प्रकृतिको एकभन्दाबढी सहकारी संस्थाको सदस्य हुन पाउने छैन ।

---

* प्रथम संसोधनले परिमार्जन गरेको

♣ प्रथम संशोधनले थप गरेको

♣ प्रथम संशोधनले थप गरेको

♣ प्रथम संशोधनले थप गरेको

तर यो ऐन प्रारम्भ हुन अघि कुनै व्यक्ति ललितपुर महानगरपालिकाको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीनवर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ । यो ऐन प्रारम्भ हुन अघि दर्ता भएको स्वास्थ्य र शिक्षा सहकारी संस्थाको हकमायो उपदफा लागू हुने छैन ।

**२४. सदस्यताको समाप्ति :**

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार बार्षिक साधारणसभामा विना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २१ बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदएयता समाप्त हुनेछैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारणसभा बोलाउने निर्णय भइसकेपछि साधारणसभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिनेछैन ।

**२५. सुविधा प्राप्त गर्न नसक्ने :**

कुनै पनि सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने दायित्व निर्धारित समयत्रि भुक्तान नगरेमा वा यो ऐन, यस ऐन अन्तर्गतबनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्नेछैन ।

## परिच्छेद - ६

## साधारण-सभा, समति तथा लेखा सुपरिवेक्षण समिति

**२६. साधारण-सभा,**

(१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरु साधारणसभाका सदस्य हुने छन् ।

(३) सहकारी संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछ :

(क) प्रारम्भिक साधारणसभा,

(ख) वार्षिक साधारणसभा,

(ग) विशेष साधारणसभा ।

**२७. प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार :**

प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि अनुमोदन गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२८. वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकारः**

वर्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि अनुमोदन गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ञ) सदस्यको दायित्व मिनाहा दिने,

(ट) समितिलाई आवश्यक निर्देशन दिने,

(ठ) विशिष्टिकृत संघ स्थापना सम्बन्धी आवश्यक निर्णय गर्ने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२९. साधारणसभाको बैठकः**

(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :

(क) संस्थको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिबाट निर्णय भएमा,

(ख) दफा ३९ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारणभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाई पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा ३० को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाके सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीसँग अनुमति लिई एक तिहाई संचालक समेत साधारण सदस्यहरु मध्येबाट बहुमत सदस्य उपस्थ्ति भई विशेष साधारण सभा गर्न सकिनेछ ।

**३०. विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्ने :**

(१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखि आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ :

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(घ) दफा ३२ को उपदफा (२० बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारणसभाको बैठक बोलाउनु पर्नेछ र साधारणसभाको बैठकमा उजूरी निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण

सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २९ को (४) मा भएको व्यवस्था सोहीअनुसार हुनेछ ।

(६) दुईहजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा सदस्य संख्याको अनुपातमा वडा वडा वा अन्य पायक पर्ने स्थानमा सञ्चालकलाई पठाई तोकीएको अनुपातको आधारमा प्रतिनिधि छनौट गर्नसक्ने छन् । त्यसरी छनौट भएर आएका प्रतिनिधिहरु वीच प्रतिनिधिमूलक साधारण सभा गर्न सकिने छ ।

**३१. सञ्चालक समितिः**

(१) सहकारी संस्थामा साधारणसभाबाट निर्वाचित एक सञ्चालक समति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्कबाहेक समान तहको समान विषयको संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर वार्षिक दुईकरोड रुपैयाभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले

त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमाकाम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोड भन्दा बढि कारोबार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(५) यो एन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी समान तहको संस्थाको सञ्चालक वा सोही संस्थाको कर्मचारी भएकोमा यो एने प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(६) समितिको कार्यविधि चार वर्षको हुनेछ ।

**३२. सञ्चालक समितिको निर्वाचनः**

(१) समितिले आफ्नो कार्याविधि समाप्त हुन अगावै अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जाकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था

सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिध समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित समितिका पदाधिकारीहरुको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मभको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

**३३. समितिको काम, कर्तव्य र अधिकार**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,

(घ) साधारणसभाका निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यताप्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) प्रादेशिक, जिल्ला र विषयगत जिल्ला संघको सदस्यता लिने,

(झ) व्यवसायिक उद्देश्यले स्थापने गरिने विशिष्टिकृत सहकारी संघको सदस्यता लिने तथा संघमा संस्थाका तर्फबाट सहभागि हुने व्यक्ति तोक्ने,

(ञ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारणभामा पेश गर्ने,

(ट) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,

(ठ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**३४. सञ्चालक पदमा बहाल नरहने :**

देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन :

(क) निजले दिएको राजिनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३५ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको संचालक वा लेखा सुपरिवेक्षण समितिमा रहेमा,♣

(घ) निज सोही संस्थको कर्मचारी रहेमा,

तर दफा ३१ को उपदफा (४) को प्रतिवन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

(ङ) निजको मृत्यु भएमा ।

**३५. सञ्चालकलाई पदबाट हटाउन सक्नेः**

(१) साधारणसभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ :

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय संचालन गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

♣ प्रथम संशोधनले परिमार्जन गरेको

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सर्फा पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारणसभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालक पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को सञ्चालकका निर्वाचन गर्नेछ ।

**३६. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलगन हुन नहुने :**

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रुपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी

हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गरिनेछ ।

**३७. समितिको विघटन :**

(१) साधारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ :

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिमा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३० को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो

समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकरीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

**३८. लेखा सुपरीवेक्षण समितिको गठनः**

(१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेको एकजना संयोजक र दुईजना सदस्यहरु रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्न सक्नेछ ।

(२) एउटै परिवारको एकभन्दाबढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

**३९. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :**

(१) लेखा सुपरिवेक्षण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तिय तथाआर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने गराउने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवशयक सुझव दिने,

(ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा समबन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी बार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रुपमा हिनामिनावा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिश गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद -७

## बचत तथा ऋण परिचालन

**४०. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गनुपर्नेः**

(१) संस्थाले आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) संस्थाले सदस्यहलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क संस्थाको कार्यविधिले तोके बमोजिम हुनेछ ।

(३) बचत र ऋणको ब्याजदर बिचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

(४) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(५) संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न बाधा पर्ने छैन ।

(६) उपदफा (२) मा जुनसुकै पूँजी कोष परिचालन भए तापनि संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तिय संस्थाको शेयर खरिद गर्न बाधा पर्ने छैन ।

(७) संस्थाले प्राथमिक पुँजीको १५ गुणासम्म बचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाको बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको ३ महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।♣

(९) निक्षेप बचतको ९० प्रतिशत मात्र ऋण लगानी दिन सकिनेछ ।

## परिच्छेद - ८

## आर्थिक श्रोत परिचालन

### ४१. शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्थाः

(१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

(३) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ ।

(४) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(५) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य

♣ प्रथम संशोधनले परिमार्जन गरेको

कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

## ४२. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्थाः

(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले तीन महिनभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) संस्थाले सबै प्रकारका बचत खाताहरु संचालन गर्न सक्नेछ ।

(४) बाल बचतको हकमा शेयर सदस्यको संरक्षकत्वमा मात्र खाता संचालन गर्न सक्नेछ ।*

## ४३. ऋण वा अनुदान लिनसक्नेः

(१) संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न संघीय कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतिको लागि तोकिए

* प्रथम संशोधनले थप गरेको

बमोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले ललितपुर महानगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव ललितपुर महानगरपालिकाले उपयुक्त देखेमा स्वीकृतिको लागि मन्त्रालयमा सिफारिश गरी पठाउनेछ ।

**४४. नेपाल सरकारको सुरक्षण प्राप्त गर्नसक्नेः**

(१) संस्थाले विदेशी बैंक वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय कानून बमोजिम स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनुपर्नेछ ।

(२) दफा (१) बमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा ललितपुर महानगरपालिकाले संघीय कानून बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा सिफारिश गरी पठाउनु पर्नेछ ।

## परिच्छेद - ९

## संस्थाको कोष

**४५. संस्थाको कोषः**

(१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान रकम,♣

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिई दर्ता गर्ने अधिकारीलाई ७ दिन भित्र लिखित सूचना लिनु पर्नेछ । *

**४६. जगेडा कोष :**

(१) संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट लाभ रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

♣ प्रथम संशोधनले परिमार्जन गरेको

* प्रथम संशोधनले थप गरेको

(३) उपदफा (१) बमोजिको जगेडा कोष अविभाज्य हुनेछ ।

**४७. संरक्षित पूँजी फिर्ता कोष :**

(१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ४६ बमोजिको जगेडा कोषमा सो दफाको बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिको रकम सदस्यले गरेको संघीय कानूनमा तोकिए बमोजिको वार्षिक कारोबारको आधार (शेयर, बचत, कर्जा तथा अन्य योगदानलाई समेत आधार मानिने) मा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

**४८. सहकारी प्रबर्द्धन कोष सम्बन्धी व्यवस्था :**

(१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४६ बमोजि जगेडा कोषमा सो दफाको उपदफा (२) बमोजिम जगेडा कोषमा सो दफाको उपदफा रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानूनमा व्यवस्था भए बमोजिको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिको कोषको उपयोग संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**४९. अन्य कोष सम्बन्धी व्यवस्था :**

(१) दफा ४७, ४८, ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर

लाभांश कोष, कर्मचारी बोनस कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि नियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुनेछैन ।

## परिच्छेद - १०

## अभिलेख र सूचना

### ५०. अभिलेख राख्नुपर्नेः

(१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधि अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरु तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

### ५१. विवरण उपलब्ध गराउनुपर्नेः

(१) संस्थाले देहायका विवरणहरु सहितको प्रतिवेदन आ.व. समाप्त भएको तोकिएको अवधिभित्र दर्ता गर्ने अधिकारी र आवद्ध संघीय र प्रादेशिक संघमा पेश गर्नु पर्नेछ :

(क) कारोबारको त्रैमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यविधिको सूची,

(ङ) साधारणसभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण,

(झ) कुल बचत तथा कुल कर्जाको विवरण ।*

## परिच्छेद - ११

## लेखा र लेखापरीक्षण

**५२. कारोबारको लेखा :**

संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी संघीय कानून बमोजिम लेखामान (एकाउन्टिङ्ग स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नुपर्नेछ ।

**५३. लेखापरीक्षण :**

(१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ । विशेष

* प्रथम संशोधनले थप गरेको

परिस्थिति रहन गएमा थप ३ महिना सम्म अवधि थप गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारणसभा समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखा परिक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखा परिक्षणको लागि साधारण सभाले दफा ५४ को अधिनमा रही अर्को लेखा परिक्षक नियुक्ति गर्नेछ ।*

**५४. लेखापरीक्षकको नियुक्ति :**

(१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजत प्राप्त लेखापरीक्षकहरु मध्येबाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिकसमेत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन

* प्रथम संशोधनले थप गरेको

आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

**५५. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने :**

(१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेका,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नेपर्ने वा गरिरहेको काम तत्काल रोकी सो

कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुनेछैन ।

## परिच्छेद - १२

## छुट, सुविधा र सहुलियत

**५६. छुट, सुविधा र सहुलियत :**

(१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानूनमा व्यवस्था भए बमोजिम नघट्ने गरी हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ ।

(३) एकिकरणमा सहभागी हुने सहकारी संस्थालाई तोकिए बमोजिमको राजश्व छुट र अन्य सुविधाहरु दिन सक्ने छ ।*

(४) सहकारी संस्था मार्फत रोजगारी सृजना, गरिबी निवारण र सदस्यको सम्बृद्धिमा योगदान गर्ने संस्थालाई महानगरपालिकाबाट मापदण्ड बमोजिम प्रोत्साहन गर्न सक्ने छ ।*

---

* प्रथम संशोधनले थप गरेको

* प्रथम संशोधनले थप गरेको

## परिच्छेद - १३

## ऋण असुली तथा बाँकी बक्यौता

### ५६. ऋण असूल गर्ने

(१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखितको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ । धितो सम्बन्धित संस्थाले सकारे पश्चात् पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति ३ महिना भित्र फिर्ता लिने चाहेमा सम्बन्धित संस्थाहरुको रोहबारमा औचित्यको आधारमा फिर्ता गर्न सक्नेछ ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य

जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनुपर्नेछ ।

**५८. कालो सूची सम्बन्धी व्यवस्था :**

संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा ब्याज फिर्ता

नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

**५९. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था :**

कर्जा सूचना केन्द्र सम्बन्धि व्यवस्था संघीय कानून बमोजिम हुनेछ । स्थानीय आवश्यकताको आधारमा महानगरपालिका स्तरिय कर्जा सूचना केन्द्र समेत स्थापना गर्न सकिनेछ।

**६०. ऋण असुली न्यायाधीकरणको गठन तथा अन्य व्यवस्था :**

कानूनमा तोकिए बमोजिम हुनेछ।

**६१. बाँकी बक्यौता असूल उपर गर्ने :**

कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सो को ब्याज समेत संस्थाले त्यस्ते व्यक्तिको जायजेथाबाट असूल उपर गर्न सक्नेछ। बाँकी बक्यौता असूल उपरका लागि दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई सहयोग पुऱ्याउनुपर्नेछ।

**६२. रोक्का राख्न लेखी पठाउने :**

(१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५७ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जाय जेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी राक्का राखी दिनु पर्नेछ।

(३) ऋणिले संस्थासँग लिएको सामुहिक जमानी वा व्यक्तिगत धनजमानीमा लिएको कर्जा तिर्न नसकेकोमा वा नतिरेमा, सामुहिक जमानी वा व्यक्तिगत धनजमानी प्रदान गर्ने व्यक्तिको खाता, जयाजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा विक्री गर्न नपाउने गरी राक्का राख्न लेखी आएमा सम्बन्धित निकायले त्यस्तो व्यक्तिको खाता जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी राक्का राखी दिनु पर्नेछ ।

**६३. अग्राधिकार रहने :**
कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको कुनै हकदावी भएमा त्यसको लागि रकम छुट्याई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।*

**६४. कारबाही गर्न वाधा नपर्ने :**
संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै कसूरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद - १४
## एकीकरण, बिघटन तथा दर्ता खारेज

**६५. एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था :**
(१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न

* प्रथम संशोधनले परिमार्जन गरेको

वाएक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ । तथापि एकीकरणलाई प्राथमिकता दिइनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुईतिहाइ बहुमतबाट निर्णय हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

(४) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था सहकारी विभाग कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

**६६. विघटन र दर्ता खारेज :**

(१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनसक्नेछ ।

(क) विनियममा उल्लिखत उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पैंतिस दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

**६७. लिक्वीडेटरको नियुक्ति :**

(१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानूनमा तोकिएको सिमा सम्मको सम्पत्ति

भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

**६८. लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग :**

कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएका सम्पत्तिको उपयोग संघीय कानूनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - १५

## दर्ता गर्ने अधिकारी

## महानगरपालिका भित्र संघ, संस्था दर्ता गर्ने

**६९. दर्ता गर्ने अधिकारी :**

(१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरु प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीबाट यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकारी आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**७०. काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - १६

## निरीक्षण तथा अनुगमन

**७१. निरीक्षण तथा अभिलेख जाँच गर्ने :**

(१) दर्ता गर्ने अधिकारीले संस्थको जुनसुकै बखत निरिक्षण तथा हिसाव जाँच गर्न, गराउन सक्नेछ । यसरी हिसाव जाँच तथा निरिक्षणमा महाशाखामा मौजुदा जनशक्ति अपर्याप्त भएमा आवश्यकता अनुसार विज्ञहरुबाट सेवा लिन सक्ने छ ।♣

(२) नेपाल राष्ट्र बैंकले जुनसुकैवखत तोकिएको भन्दाबढी आर्थिक कारोबार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वाजाँच गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरु संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाव जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकको अधिकारी प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाव जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका,

♣ प्रथम संशोधनले परिमार्जन गरेको

मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्न अधिकारी वा नेपाल राष्ट्र बैंकले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैंकले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैंक्ले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैंकले ललितपुर महानगरापालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(८) आवश्यकताको आधारमा महानगरपालिका स्तरिय सहकारी संजाल गठन गर्न सक्नेछ ।

**७२. छानविन गर्न सक्ने :**

(१) संघले आफ्नो सदस्य संघ संस्थाहरुलाई नियमन गर्ने क्रममा अनुगमन निरीक्षण गर्नसक्ने छ ।

(२) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा वीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

**७३. बचत तथा ऋणको कारोबार गर्ने संस्थको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :**

(१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्तागर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्रबैंक, राष्ट्रिय सहकारी महासंघ लि. तथा अन्य सम्बन्धित जिल्ला सहकारी संघ तथा जिल्ला विषयगत संघहरु लगायतका निकायहरुको सहयोग लिन सक्नेछ ।

(४) यस ऐनमा अन्यत्र जे सुकै लेखिएको भएतापनि संघीय कानून बमोजिम मन्त्रालयले र राष्ट्रिय सहकारी महासंघ तथा सम्बन्धित विषयगत संघहरुले सहकारी संघ/संस्थाहरुको अनुगमन तथा निरिक्षण गर्न सक्नेछन् ।

**७४. बार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन ललितपुर महानगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतवेदनमा देहायका विवरणहरु खुलाउनु पर्नेछ ।

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेका नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागितको स्तर अनुपात,

(च) संस्थालाई ललितपुर महानगरपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरु,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १३ बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

**७५. सहकारी बचत तथा कर्जा सुरक्षण कोष :**

(१) सहकारी बचत तथा कर्जा सुरक्षण कोषको सञ्चालन तथा व्यवस्थापन यसै कानून बमोजिम हुनेछ ।

**७६. आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) संस्थाले यसै कानूनमा व्यवस्था भए बमोजिम आफ्ना सदस्यहरु, सदस्यले लगाएका बालीनाली, वस्तुभाउ तथा पशुपंछि लगायतका उत्पादन ता सेवामा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी सुरक्षण सेवा संचालन गर्न संस्थाको न्यूनतम मापदण्ड अन्य व्यवस्था यसै कानूनमा तोकिए बमोजिम हुनेछ ।

**७७. स्तिरीकरण कोष सम्बन्धी व्यवस्था :**

(१) बचत तथा ऋण कारोबार गर्ने संस्थाहरु सम्भावित जोखिमबाट संरक्षणका लागि यसै कानूनमा

व्यवस्था भए बमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद - १७

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

**७८. संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने :**

(१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाव जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान देखिएमा दर्ता गर्ने अधिकारीको सिफारिसमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछ ।♣

(क) सदस्यहको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरुको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरित हुने गरी संस्था सञ्चालन भएको,

♣ प्रथम संशोधनले परिमार्जन गरेको

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा २५ जना सदस्यहरुले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको समितिले कुनै संस्थलाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो समितिमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा त्यस्तो संस्थालाई कार्यपालिकाले समस्याग्रस्त संस्था घोषणा गर्न सक्ने छ ।♣

**७९. व्यवस्थापन समितिको गठन :♣**

(१) दफा ७८ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि दर्ता गर्ने अधिकारीको सिफारिसमा कार्यपालिकाले व्यवस्थापन समिति गठन गर्न सक्ने छ ।

♣ प्रथम संशोधनले परिमार्जन गरेको

♣ प्रथम संशोधनले परिमार्जन गरेको

(२) उपदफा (१) बमोजिम सिफारिस भै आएमा कार्यपालिकाले सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

| | | |
|---|---|---|
| (क) | कम्तीमा कानूनमा स्नातकोत्तर गरी ५ वर्ष भन्दा बढी नेपाल सरकारको कानून तथा न्यायको क्षेत्रमा कार्य अनुभव भएको कम्तीमा उपसचिव स्तर वा सो सरहको सेवा निवृत्त कर्मचारी मध्ये कार्यपालिकाले तोकिएको एक जना | - अध्यक्ष |
| (ख) | जिल्ला सहकारी संघको अध्यक्ष वा अध्यक्षले तोकेको एक जना | - सदस्य |
| (ग) | कम्तीमा ५ वर्ष अनुभव प्राप्त चार्टर एकाउण्टेण्टहरु मध्ये कार्यपालिकाले तोकिएको एक जना | - सदस्य |
| (घ) | सरकारी (संघीय निजामती, प्रदेश निजामती र स्थानीय सेवाको अधिकृत स्तरको पदबाट सेवानिवृत्त कर्मचारीहरु मध्ये कार्यपालिकाद्वारा तोकिएको एक जना | - सदस्य |
| (ङ) | कार्यपालिकाले तोकेको अधिकृत स्तरका कर्मचारी एक जना | - सदस्य सचिव |

(३) दफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार र सेवासुविधा तोकिए बमोजिम हुने छ ।

(४) दफा (२) बमोजिम गठित समितिको कार्यकाल नियुक्ति भएको मितिले २ वर्षको हुने छ । तर कार्यपालिकाले आवश्यकता अनुसार म्याद थप गर्न सक्ने छ ।

## परिच्छेद - १८

## कसूर, दण्ड जरिवाना तथा पुनरावेदन

**८०. कसुर गरेको मानिने :** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोमिज बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाई अर्कै अर्थ स्किने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्तो काम गरेबाट आफूलाई वाअरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वामिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

**८१. सजाय :**

(१) कसैले दफा ८० को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक वर्षसम्म कैद र एक लाख रुपैंयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई वर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बरावरको रकम जरिवाना गरी तीन वर्ष सम्म कैद,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), ( ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजमको कैद हुनेछः

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म बिगो भए चार वर्ष देखि छ वर्षसम्म कैद,

(५) दश करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ बर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै रुपैँया बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश बर्षसम्म कैद ।

मथि उल्लेखित सजाय तथा पुनरावेदन सम्बन्धी व्यवस्था संघीय कानूनमा उल्लेख भए बमोजिम हुने छ ।

(२) दफा ८० को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधार सजाय हुनेछ ।

(३) दफा ८० को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

**८२. जरिवाना :**

(१) दफा ८८ बमोजिम कसैको उजुरी परी वा संस्थाको निरिक्षण अनुगमन वा हिसाव किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको

आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँचलाख रुपैयासम्म जरिवाना गर्ने छ ।♣

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यहरुलाई आफ्नो संस्थाको कार्यविधि विपरित ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणा भन्दा बढीहुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश विवरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोबार गरेमा,

---

♣ प्रथम संशोधनले परिमार्जन गरेको

(झ) संस्थाले यो ऐनका दफा २१ को उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कुनै कारबाही गर्नुपूर्व सम्बन्धित सहकारी संस्थालाई आफ्नो स्पष्टिकरण दिने प्रयाप्त मौका दिइने छ ।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भिर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।♣

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना, वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परिवर्तन गरेमा,

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा,

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि प्रमुखले सम्बन्धित व्यक्ति वा संस्थालाई

---

♣ प्रथम संशोधनले परिमार्जन गरेको

सफाई पेश गर्न कम्तिमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

**८३. रोक्का राख्ने :**

(१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८२ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पत्ति तथा बैंङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) सिफारिस प्राप्त भएको त्यस्तो संस्थाको कारोबार, सम्पत्ति वा बैंक खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

**८४. दोब्बर जरिवाना हुने :**

(१) दफा ८२ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पत्ति तथा बैंङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

**८५. अनुसन्धानको लागि लेखी पठाउन सक्ने :**

दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ८० बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**८६. मुद्दा सम्बन्धी व्यवस्था :**

दफा ८१ बमोजिम सजाय हुने सकूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**८७. मुद्दा हेर्ने अधिकारी :**

दफा ८१ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।♣

**८८. उजूरी दिने हदम्याद :**

(१) कसैले दफा ८१ बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

(२) कसैले दफा ८२ बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

**८९. पुनरावेदन गर्न सक्ने :**

(१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णयउपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ८१ ब्मोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको

♣ प्रथम संशोधनले परिमार्जन गरेको

मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछ :

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैंकले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा ।

**९०. असूल उपर गरिने :**

यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नुपर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

माथि उल्लेखित कसूर दण्ड जरिवाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था संघीय कानून अनुसार हुनेछ ।

## परिच्छेद - १९

## विविध

**९०. मताधिकारको प्रयोग :**

कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

**९२. सामाजिक परीक्षण गराउन सक्ने :**

(१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरुले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर,

सेवा प्राप्तिबाट सदस्यहरुको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारणसभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**९३. सहकारी शिक्षा :**

सहकारी क्षेत्रको प्रवर्द्धनको लागि विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारीसम्बन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ । साथै सहकारी क्षेत्रको प्रबर्द्धन र विकासका लागि तोकिए बमोजिमका अन्य आवश्यक कार्यहरु गर्ने ।

**९४. सहकारी प्रबर्द्धन तथा व्यवस्थापन समिति :**

(१) सहकारीको व्यवस्थापन प्रवर्द्धन तथा नियमन गर्न देहाय बमोजिम सहकारी प्रवर्द्धन तथा व्यवस्थापन समिति गठन गरिनेछ :

नगर प्रमुख - अध्यक्ष

नगर उप प्रमुख - उप अध्यक्ष

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| नगर कार्यपालिकाका सम्बन्धित समितिका संयोजना र १ जना महिला कार्यपालिका सदस्य सहित २ जना | - सदस्य |
| नगर स्तरीय सहकारी सञ्जालका प्रमुख एवं प्रतिनिधि (१ ज्ना महिला सहित) २ जना | - सदस्य |
| यसै समितिले तोकेको सहकारी विज्ञ १ जना | - सदस्य |
| सहकारी हेर्ने अधिकृत स्तरको कर्मचारी | - सदस्य सचिब |

(२) समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**९५. आर्थिक सहयोग गर्न नहुने :**

संस्थाको रकमबाट समितिकोनिर्णय बमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्ने छैनन  तर सामाजिक कार्यको लागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि ‘सामाजिक कार्य’ भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

**९६. अन्तर सहकारी कारोबार गर्न सक्ने :**

संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्नेछन् ।

**९७. सहकारी संघ संस्थाहरुको आयकर सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।**

**९८. ठेक्कापट्टा दिन नहुने :**

संस्थाले आफ्नो समितिको कुनै सञ्चालन वा लेखा सुपरीवेक्षण समितिको संयोजन वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुँदैन ।

**९९. सहकारी बाँकी सरह असूल उपर हुने :**

कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**१००. सम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने :**

यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

**१०१. प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने :**

यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

**१०२. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालाना गर्नुपर्ने :**

संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संघीय र प्रदेश कानूनमा भएका व्यवस्थाका साथै नेपाल राष्ट्र बैंकको बित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरुको पालना गर्नुपर्नेछ ।

**१०३. अनुदान दिन सकिने :**

(१) पशुपंक्षी विकास कृषि विकाससँग सम्बन्धित तथा साना किसान सहकारीहरुलाई तोकिए बमोजिम अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

(२) अन्य सहकारीहरु सँग सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

**१०४. बाधा अड्काउ फुकाउने :**

(१) यो ऐन प्रारम्भ हुन अघि कुनै व्यक्ति ललितपुर महानगरपालिका भित्रको एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य रहेको पाइएमा यो ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र कुनै एक सहकारी संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ । अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१०५. नियम बनाउने अधिकार :**

यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१०६. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्नसक्ने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण

तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैंक, मन्त्रालय र सम्बन्धित संघहरु र महासंघ लगायत अन्य निकायको परामर्श लिने सकिनेछ।

**१०७. बीमा सम्बन्धि व्यवस्था:** संस्थाले संचालन गर्ने कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको सुरक्षणको लागि प्रचलित कानून बमोजिम बीमा गर्नु पर्ने छ।

**१०८. प्रतिवेदन पेश गर्नु पने :** हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र संस्थाले वार्षिक साधारण सभा सम्पन्न गरी सभा सम्पन्न भएको मितिले १५ दिन भित्र महानगरपालिका र सम्बन्धित वडा कार्यालयमा वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने छ।

**१०९. साझेदारीमा कार्यक्रम गर्न सक्ने:** सहकारी मार्फत आर्थिक समबृद्धि हासिल गर्न महानगरपालिका र सहकारी संघ संस्थाको साझेदारीमा विभिन्न परियोजनाहरु संचालन गर्न सक्ने छ।

**११०. संघीय तथा प्रदेश कानून बमोजिम हुने :** यस ऐनमा उल्लेख नभएका तर संघीय तथा प्रदेश कानूनमा व्यवस्था गरिएका कुराहरु सोही कानून बमोजिम हुने छ।

## अनुसूची - १
## सहकारी दर्ता दरखास्तको नमूना

मितिः २० ................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर ।

**विषय : सहकारी संस्थाको दर्ता ।**

महोदय,
हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देशयअनुरुप संस्थाले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं ।

**सहकारी संस्था सम्बन्धी विवरण :**

(क) प्रस्तावित संस्थाको नाम :-
(ख) ठेगाना :-
(ग) उद्देश्य :-
(घ) मुख्य कार्य :-
(ङ) कार्यक्षेत्र :-
(च) दायित्व :-
(छ) सदस्य सङ्ख्या :-
(१) महिना ............. जना
(२) पुरुष .............. जना
(ज) चुक्त शेयर पुर्जा :-
(झ) जारी शेयर पुर्जा :-

**निवेदक**

# अनुसूची - २

## ललितपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, पुल्चोक, ललितपुर

**सहकारी दर्ता प्रमाण-पत्र**

दर्ता नं.:

ललितपुर महानगरपालिका सहकारी ऐन, ... को दफा ... बमोजिम श्री ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

वर्गीकरण : ... ... ... ... ... ... ...

दर्ता गरेको मिति :

दस्तखतः

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छाप

प्रमाणीकरण मिति

२०८१/३/२५

आज्ञाले

रेखा दास

प्रमुख प्रशासकीय अधिकृत